# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दंगीशरण गाउँपालिका
## दाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दंगीशरण गाउँपालिका

## दाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

दंगीशरण गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**महालेखापरीक्षक**

२०८१ जेष्ठ ११

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ८८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,
दंगिशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दाङ।

## १. कैफियत सहितको राय

हामीले दंगिशरण गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले दंगिशरण गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. दंगिशरण गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड १४ लाख ७२ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२५ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४५ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६२ लाख २५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १ लाख ७५ हजार र पेश्की रु. ५ लाख ३० हजार रहेको छ। दंगिशरण गाउँपालिकाको गतवर्ष सम्म रु.७ करोड ३९ लाख १ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ५३ लाख ४८ हजार रहेको छ। दंगिशरण गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन

बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी दंगिशरण गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

दंगिशरण गाउँपालिका, दाङ

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ३४ | २१४७२ | ० | १ | २५ | ३७ | ३३ | २१४४७ | ४५१७ | १०१७५ | ६२२५ | ० | ० | १६४०० | ५३० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दंगिशरण गाउँपालिका ,दाङ | ७५०९६ | ० | ११९५ | ७३९०१ | ० | २१४४७ | ९५३४८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | ६ | बढी भुक्तानी | २४८६० |
| गत विगत वर्षतर्फको | | | ११९५३३९ |
| कुल जम्मा | | | १२२०१९९ |

## परिचय

१ **परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा७ वडा, ४३ सभा सद्स्य, ११०.७१ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ४८४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।१३ देखि २०८०।१०। १३ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** गाउँपालिकाको प्रप्ति तथा भुक्तानी**तर्फ** रु.१ अर्व १७ करोड ४३ लाख १४ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण **अनुसूची -१ मा** संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस दंगीशरणगाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीबाट यसवर्ष सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण तथा संघिय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय व्यय विवरण **अनुसूची -२** मा संलग्न छ।

३ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक रु . |
|---|---|---|---|
| ग २ . २ , चालू खर्च खाता - जोर वर्ष | १०४१९०.०० | ० | १०४१९०.०० |
| ग २ . ७ , विविध खर्च खाता | १७६७४२.१० | १७६७४२.१० | ० |
| ग २ . ७ , विविध खर्च खाता | ० | | ० |
| ग ३ . १ , स्धानीय तह धरौटी खाता | ११६९३२८२.२६ | ११६९३२८२.२६ | ० |
| ग ३ . १ , स्धानीय तह धरौटी खाता | ० | | ० |
| ग ४ . १ , स्थानीय तह सञ्चित कोष खाता | २९०३७४२२.४० | २९१४१६१२.४० | -१०४१९० |
| ग ४ . १ , स्थानीय तह सञ्चित कोष खाता | ० | | ० |
| ग ५ . १ , स्थानीय तह विविध कोष खाता | ३१२७५५५.०० | ३१२७५५५.०० | ० |
| ग ५ . १ , स्थानीय तह विविध कोष खाता | ० | | ० |
| ग ७ . २ , स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४०८१४३३.०० | ४०८१४३३.०० | ० |

| | | | |
|---|---|---|---|
| बैंक कारोबारमा भिन्नता [ राजस्व खाता र सञ्चित कोष खाता ] | (१९८५३८०.३१) | | ० |
| जम्मा | ४६२३५२४४.४५ | ४८२२०६२४.७६ | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१ लाख ४ हजार १९० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम खर्च गरेको छ ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१५ लाख ८६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३४ लाख ८१ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार कुल ३६३ योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रम | कुल योजना संख्या | रु.५० लाख माथिका | रु.१० देखि ५० लाख सम्म | ५ देखि १० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| पालिकास्तरीय | ३६३ | ४ | २३ | ३२ | ३०४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु.५४ करोड २३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

८ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १८ करोड १२ लाख भएकोमा चौथो त्रैमासिकमा रु.११ करोड ८० लाख र असार महिनामा मात्रै रु.६ करोड ८७ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १८ करोड १८ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट ८३ योजना तथा कार्यक्रमवाट घटाई १६९ योजना तथा कार्यक्रममा रु.३ करोड ९२ लाख ४७ हजार रकमान्तर गरेको छ।

उक्त रकम बजेटको तुलनामा ७.२३ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। अन्य क्षेत्रको तुलनामा पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउन नसकेको तथा प्राथमिकतामा राखेको पाईएन। पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ।

| क.स | क्षेत्र | बजेट रु.हजारमा | खर्च रु.हजारमा | खर्च प्रतिशत<br>कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५९६४५ | ५१०७७ | ११.५६ |
| २ | पूर्वाधार विकास | १५७८९१ | १२३८८० | २८.०४ |
| ३ | सामाजिक विकास | २०८८८० | १७७२४७ | ४०.१२ |
| ४ | बातावरण तथा विकास | ४३० | ३८१३ | ०.८६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २४४१० | १६१७६ | ३.६६ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८७२०५ | ६९५६० | १५.७४ |
| | जम्मा | ५३८४६१ | ४४१७५३ | |

सैद्धान्तिक बेरुजु

१० **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व रु.२ लाख ३३ हजार ४६९ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.२ करोड १५ लाख ७६ हजार शिक्षातर्फ शिक्षकहरुको रु.६ करोड ५४ लाख ३२ हजार र पालिकाका चालुतर्फ कर्मचारीको रु.४ करोड १४ लाख ३४ हजार गरी रु. १२ करोड ८४ लाख ४२ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरवन्दी वेगरका ७ जना कर्मचारी नियुक्ति गरी रु.२७ लाख ७ हजार ३४५ तलव भत्ता भुक्तानी गरेको पाइयो। दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन। जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ। स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| अनियमित भएको | २७,०७,३४५ |
|---|---|

१३ **कानुनी सल्लाहकार** - नीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी चाडपर्व खर्च समेत रु. १ लाख ५० हजार पारिश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने रु.

| अनियमित भएको | १,५०,००० |
|---|---|

१४ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.५ लाख १७ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५ **सेवाप्रवाहको स्थिति** - यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | ६९४ |
| मृत्युदर्ता | २८१ |
| बसाईसराई दर्ता | २३२ |
| विवाह दर्ता | ३८९ |
| सम्बन्धविच्छेद दर्ता | २४ |
| स्वीकृत घरनक्सा दर्ता पास | २५ |
| कालोपत्रे सडक निर्माण | ४०० मि |
| ग्राभेल सडक निर्माण | करिब ७ हजार मिटर सबै वडा |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान सेवा प्रवाहको अभिलेख व्यवस्थित हनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **कानुन निर्माण तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ३१ वटा ऐन तथा ५७ नियमावली तथा कार्यबिधि स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन।

सैद्धान्तिक बेरुजु

१७ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिको परेका २६ उजुरी मध्ये १३ पर्स्यौट भई १३ बाँकी रहेका छन। समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष

जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा खरिद सम्झौता वमोजिम पेश्की फर्स्यौट गर्नुपर्दछ। पालिकाले यस वर्ष निम्न निर्माण व्यवसायीलाईलाई रु.२ लाख ६० हजार पेश्की दिएको छ। उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी खरिद सम्झौता वमोजिम पेश्की फर्स्यौट गर्नुपर्दछ।

| पेश्की लगेको मिति | विवरण | पेश्की लानेको नाम | पेश्की रकम |
|---|---|---|---|
| २०७९।६।१२ | सडक कालोपत्रे | ओशिस कन्ट्रक्सन | २६००००।० |
| | | जम्मा | २६००००।० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.५ लाख ३० हजार ६१७ फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| पेश्की लगेको मिति | विवरण | पेश्की लानेको नाम | पेश्की रकम |
|---|---|---|---|
| २०७९।१२।३० | विद्युत पोल तथा तार | नेपाल विद्युत प्राधिकरण | १३०६१७ |
| २०८०।२।३ | मिटर वक्स | नेपाल विद्युत प्राधिकरण | ४०००००।० |
| | | जम्मा | ५,३०,६१७।० |

| | |
|---|---|
| पेश्की | ५,३०,६१७ |

२१ **प्रशासनिक भवन निर्माण** - गाउँपालिकाको प्रशासनिक भवन निर्माण लागि रु.६ करोड ८९ लाख ७ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.४ करोड ४४ लाख ७९ हजार कबुल गर्ने केशव शाह श्रीकृण जे.भी.संग २०७८।२।२५ मा २०८० आषाढ मसान्त भित्र सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा हाल सम्म ७८ प्रतिशत कार्य भई रु.३ करोड ४५ लाख ४४ हजार भुक्तानी भएको छ ।कार्य

सम्पन्न भई सक्नुपर्ने अवधिमा कार्य सम्पन्न नभएकोमा संसोधित कार्यतालिका लिई सम्झौता वमोजिमको काम सम्पन्न हुनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **१५ वेडको अस्पताल निर्माण कार्य** - संघीय सरकारको योजना अनुसार अस्पताल भवन निर्माणका लागि रु.१५ करोड ५४ लाख २१ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.११ करोड ९८ लाख ९९ हजार कबुल गर्ने सि एम नव सिर्जनशिल जे.भी.संग २०७८।५।१ मा २५ महिना भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा २०७९।९।२२ मा सम्झौता अवधि भन्दा १३२ दिन अगाडी कार्य सम्पन्न गरी खरिद सम्झौता वमोजिम वोनस रु.८३ लाख १४ हजार समेत रु.१० करोड ७९ लाख ८५ हजार भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएको वाँकी व्यहोरा देहायमा उल्लेख छनः

२२.१ **वढी भुक्तानी** - खरिद नियमावाली २०६४,को नियम १२६ तथा खरिद सम्झौताको विशेष शर्त वमोजिम सम्जौतामा तोकिएको दिन भन्दा जति दिन अगाडी कार्य सम्पन्न भएको हो त्यति दिनको सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले वोनस भुक्तानी पाउने व्यवस्था छ। वोनस भुक्तानी गर्दा निर्माण कार्यसम्पन्न हुनुपर्ने अवधि २०८०।२।५ भन्दा १३२ दिन अगाडी २०७९।९।२२ मा कार्य सम्पन्न भएकोमा सुरु सम्झौता रकम रु.९ करोड ९४ लाख ४० हजारको ०.०५ प्रतिशतका दरले हुन आउने प्रति दिन रु.४९ हजार ७२० ले १३२ दिनको रु.६५ लाख ६३ हजार भुक्तानी हुनुपर्नेमा रु.८३ लाख १४ हजार भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.१७ लाख ५१ हजार असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १७,५१,००० |
|---|---|

२२.२ **अस्पताल संञ्चालन** - कुल रु.१२ करोड ५९ लाख १६ हजारको लागतमा निर्माण सम्पन्न भएको १५ शैयाको यस अस्पताल २०७९।९।२२ मा कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन तयार गरी अन्तिम भुक्तानी दिएको भए पनि अस्पताल संञ्चालनको लागि अन्य पुर्वाधारहरु ईक्वीपमेन्टहरु, फर्निचरहरु तथा आवश्यक मेडिकल पारामेडीकल तथा अन्य जनशक्तिको व्यवस्थापन सम्वन्धमा हाल सम्म अन्यौलको अवस्था रहेको पालिका एक्लैले उक्त व्यवस्थापन गरी अस्पताल संञ्चालन गर्न सक्ने अवस्था देखिदैन। स्थलगत निरीक्षणको क्रममा सम्पन्न अस्पताल सञ्चालन नभए जोडिएका ईलेक्ट्रीकल, स्यानेटरी लगायतका समान विग्रन सक्ने अवस्था समेत देखिएको अस्पताल संञ्चालनकालागि सम्वन्धित निकाय ध्यान दिन जरुरी देखिएको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **वैवाङ रामपुर सडक कालोपत्रे** - वैवाङ रामपुर सडक कालोपत्रे कार्यका लागि रु.५४ लाख ३० हजार लागत स्वीकृत गरी २०७८।७९ मा वोलपत्र भएकोमा रु.२९ लाख ५४ हजार कवुल गर्ने ओशिस निर्माण सेवाको वोलपत्र स्वीकृत गरी २०७९।१।३१ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा

हाल सम्म कार्यतालिका अनुसार काम हुन सकेको छैन ।पटक पटक गरी २०७९।१२।३० सम्म म्याद थप भएकोमा २५ प्रतिशतमात्र काम भई रु.१३ लाख ७३ हजार भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छन :

२३.१ **पुर्वनिर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौताको विषेश सर्त वमोजिम खरिद सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न हुन नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ। सम्झौता वमोजिम निर्माण कार्य नगरेकोले पटक पटक निर्माण कार्य गर्ने अन्यथा सम्झौता वमोजिम कारवाही गर्ने उल्लेख गरेकोमा काम सम्पन्न नभएको २०७९।१२।३० पछि म्याद थप नभएकोले खरिद सम्झौताको विशेष शर्त तथा सार्वजनिक खरिद नियमावली वमोजिम अधिकतम दश प्रतिशतले हुने रु.२ लाख ९५ हजार पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गरी सम्झौता वमोजिमको काम हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९५,००० |

२३.२ **पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६ ) तथा खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्य नगरेको कारणवाट पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सयकडा दश प्रतिशत ब्याज सहित सम्वन्धित वैकंवाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्य नगरेको तथा बैंक जमानतको म्याद समाप्त भएकोमा पेश्की वाँकी रकम रु.२ लाख ८८ हजार जोखिममा रहेको छ।निर्माण व्यवसायिले समयमा काम नगरेका कारण पेश्की फछ्र्यौट हुन नसकेकोले असुल फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८८,००० |

२४ **वडा कार्यालय भवन निर्माण** - वडा कार्यालय भवन निर्माण२ नं.वडा कार्यालय भवन निर्माण कार्यका लागि रु.४२ लाख ५८ हजार लागत स्वीकृत गरी २०७७।७८ मा वोलपत्र भएकोमा रु.३१ लाख ८१ हजार कवुल गर्ने ओशिस निर्माण सेवाको वोलपत्र स्वीकृत गरी २०७८।३।३० भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा हाल सम्म कार्यतालिका अनुसार काम हुन सकेको छैन। पाँच पटक गरी २०७९।१२।३१ सम्म म्याद थप भएकोमा यो वर्ष कामै नभएको म्याद समाप्त भएकोमा म्याद थपको निवेदन नदिएको तथा म्याद थप भएको छैन। उक्त निर्माण कार्यको गत वर्ष सम्म रु.२२ लाख ६१ हजार भुक्तानी भएको वाहेक कार्य प्रगति भएको छैन। यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छनः

२४.१ **पुर्वनिर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौताको विषेश सर्त वमोजिम खरिद सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न हुन नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ। सम्झौता वमोजिम निर्माण कार्य नगरेकोले पटक पटक निर्माण कार्य गर्ने अन्यथा सम्झौता वमोजिम कारवाही गर्ने उल्लेख गरेकोमा काम सम्पन्न नभएको २०७९।१२।३१ पछि म्याद

थप नभएकोले खरिद सम्झौताको विशेष शर्त तथा सार्वजनिक खरिद नियमावली वमोजिम अधिकतम दश प्रतिशतले हुने रु.३ लाख १८ हजार पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गरी सम्झौता वमोजिमको काम हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१८,००० |

२४.२ **पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६ ) तथा खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्य नगरेको कारणवाट पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सयकडा दश प्रतिशत ब्याज सहित सम्वन्धित वैकंवाट प्राप्त गरी पेश्की फस्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्य नगरेको तथा बैंक जमानतको म्याद समाप्त भएकोमा पेश्की वाँकी रकम रु.२ लाख ८० हजार जोखिममा रहेको छ।निर्माण व्यवसायिले समयमा काम नगरेका कारण पेश्की फछ्र्यौट हुन नसकेकोले दश प्रतिशत व्याज सहित असुल फछ्र्यौट हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८०,००० |

२५ **डि.पि.आर.निर्माण तथा अन्य परामर्श सेवा** - पालिका अन्तर्गतका विभिन्न योजनाहरुको डि.पि.आर.तयार तथा निम्न विभिन्न विषयमा परामर्श सेवा लिई यस वर्ष निम्नानुसार रु. ३२ लाख ६१ हजार भुक्तानी भएको छ। सवै परामर्श सेवाको कार्य विवरणमा ड्राफ्ट प्रतिवेदन पेश गरी सोको प्रस्तुतिकरण तथा चेक जाँच पछि मात्र अन्तिम प्रतिवेदन पेश गर्ने तथा अन्तिम प्रतिवेदनमा पनि TOR वमोजिमको भए नभएको परीक्षण गरी अधिकार प्राप्त अधिकारीले स्वीकृत गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी गर्नुपर्नेमा कुनै ड्राफ्ट प्रतिवेदन पेशनगरेको एकै पटक अन्तिम प्रतिवेदन पेश रकम भुक्तानी भएको छ। पालिकामा प्राविधिक कर्मचारीहरुको दरवन्दी रहेकोमा पालिका स्तरीय योजनाको डि.पि.आर.तयार वाह्य परामर्शदातावाट कार्य गराएको, हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन त्यस्तै यस वर्ष लिएका परामर्श सेवाको समेत प्रतिवेदनको कार्यान्वयन नभएकोले उक्त खर्च समेत प्रतिफल विहिन देखिएको छ ।आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। साथै वर्गरपार्क निर्माण तथा झुम्के सिंचाई योजना झुम्केको डि.पि.आर.कार्यान्वयनमा नआएको अवस्था देखिएकोले पालिकालाई अनावश्यक व्ययभार पर्ने गरी कार्य भएको रु.

| कामको विवरण | परामर्शदाता | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| शित भण्डार | ल्याण्ड स्केप ईन्जीनियरिङ | ३०००१५ | कार्यान्वयनको चरणमा रहेको |
| वर्गर पार्क निर्माण | ए टु वी कन्सल्टेन्ट | ३४४०८५ | कार्यान्वयनमा नआएको |
| भूमि योजना निर्माण | हिमालयन रिसर्च सेन्टर | १८७९१९० | कार्यान्वयनको चरणमा रहेको |
| झुम्के सिंचाई योजना झुम्के | मास्टर मिडीया एण्ड सप्लायर्स | ७३८०००।० | कार्यान्वयनमा नआएको |

| | | | |
|---|---|---|---|
| जम्मा | | ३२,६१ ,२९०।० | |

| | |
|---|---|
| अनियमित भएको | १०,३८,०१५ |

२६ **ट्याक कोट** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले विभिन्न सडकमा कालोपत्रे कार्यमा ट्याक कोट प्रति वर्गमिटरमा ०.६ भन्दा वढी औषतका दरले भुक्तानी दिएको देखियो । पालिकाले अधिकतम ०.६० ले हुन आउने मात्र भुक्तानी दिनुपर्नेमा वढी हुनेगरी भुक्तानी भएको रु.२ लाख २२ हजार ५७४ भुक्तानी दिएको रु.

| भौ.नं.मिति | कामको विवरण तथा निर्माण व्यवसायी | स्पेसिफिकेसन भन्दा वढी परिमाण लि. | रकम |
|---|---|---|---|
| १०।२०७९।७।२१ | रचपल वटनीया सडक भैरव निर्माण सेवा | ६८४ | ६२०५७।० |
| ७५।७९।१२।१७ | हेकुली वीरेन्द्र स्कुल सडक भैरव निर्माण सेवा | ४८५ | ५३२९७।० |
| १२८।८०।२।३ | डाडागाउँ कार्यालय भवन सडक पि एन आर नि से | ५२७ | ५२७४५।० |
| ३०१।८०।३।१८ | दमार गाउँ गोल्टाकुरी भैरव निर्माण सेवा | २८९ | ३४७४०।० |
| | हेकुली मौली वालुवा सडक ओशिस नि से | २३१ | १९६३५।० |
| | जम्मा | | २,२२,५७४।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२२,५७४ |

२७ **विरेन्द्र नमुना मा.वि.** - वीरेन्द्र नमुना मा.वि.वीरेन्द्र नमुना मा.वि भवन निर्माण कार्यका लागि रु.१ करोड ८१ लाख ५० हजार लागत स्वीकृत गरी २०७८।७९ मा वोलपत्र भएकोमा रु.१ करोड ७५ लाख२२ हजार कवुल गर्ने सर्मिला निर्माण सेवासँग २०७९।११।२२ भित्र कार्यसम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा २०७९।८।२६ मा कार्यसम्पन्न भई रु.१ करोड ७५ लाख २२ हजार भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छन् :

२७.१ **वोनस भुक्तानी** - खरिद नियमावाली २०६४,को नियम १२६ तथा खरिद सम्झौताको विशेष शर्त वमोजिम सम्जौतामा तोकिएको दिन भन्दा जति दिन अगाडी कार्य सम्पन्न भएको हो त्यति दिनको सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले वोनस भुक्तानी पाउने व्यवस्था छ। वोनस भुक्तानी गर्दा निर्माण कार्यसम्पन्न हुनुपर्ने अवधि २०७९।११।२२ भन्दा ८५ दिन अगाडी २०७९।८।२६ मा कार्य सम्पन्न भएकोमा सुरु सम्झौता रकमको ०.०५ प्रतिशतका दरले हुन आउने प्रति दिन रु.७ हजार ७६७ ले ८५ दिनको रु.६ लाख ६० हजार १९१ भुक्तानी हुनुपर्नेमा रु.७ लाख १३ हजार ८८ भुक्तानी भएकोले रु.

५५ हजार ८९३ वढी भुक्तानी भएको तथा पुरस्कारमा मुल्य अभिवृद्धिकर नलाग्नेमा भुक्तानी भएको मुल्य अभिवृद्धिकर रु.९२ हजार ७०१ समेत रु.१ लाख ४८ हजार ५९८ असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४८,५९४ |

